# डिभिजन वन कार्यालय,बर्दियाद्धारा मिति २०७९/१०/११ मा प्रथम पटक प्रकाशित सुचना बमोजिम

# एक सामुदायिक वन,एक उद्यम कार्यक्रमको लागि तयार गरिएको कार्यसुची(TOR)

२०७९

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, बर्दिया
२०७५


कार्यसुची तयार र जारी गर्ने:

डिभिजन वन कार्यालय,बर्दिया

सम्पर्क शाखा : योजना शाखा

टेलिफोन नं. ०८४-४२०१५६

Email:-dfobardiya@gmail.com

Website: www.dfobardiya.gov.np

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, बर्दिया
२०७५

डिभिजनल वन अधिकृत

**एक सामुदायिक वन, एक उद्यम कार्यक्रम अन्तर्गत सामुदायिक वन उपधोक्ता समूहहरुलाई अनुदान सहयोग कार्यक्रमको लागि**

**कार्यसूची (TOR)**

**१. कार्यक्रमको पृष्ठभुमीः**

वन क्षेत्रमा प्राकृतिक रपमा उपलब्ध भएका वा रोपण गरी उपलब्ध हुने सवै संभाव्य सामाग्री तथा सेवाहरुको उत्पादन, संकलन, प्रशोधन, प्रविधि विकास तथा मुल्य अभिवृद्धि गरी रोजगारी तथा आयआर्जनमा बृद्धि, निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन गरी राष्टको आर्थिक तथा सामाजिक विकासमा योगदान पुर्याउने नेपाल सरकारको लक्ष्य रहेको छ।

राष्ट्रिय वन नीति २०७५,जैविक विविधता रणनीति तथा कार्ययोजना 2014-2020, जडीवुटी तथा गैरकाष्ठ वन पैदावार विकास नीति,२०६१ जस्ता क्षेत्रगत नीतिहरुले वनजन्य उद्यम प्रवर्द्धनका लागि विशेष महत्व दिएको पाईन्छ। यीनै विषयवस्तुहरुलाई मध्यनजर गर्दै सामुदायिक वन उपभोक्ता समूहहरुलाई उद्यममा आवद्ध गरी समूहमा आवद्ध उपभोक्ताहरुलाई उद्यमशिलता प्रवर्द्धन गर्नको लागि समुदाको सहकार्यमा वनजन्य उद्यमहरुको विकास र विस्तार गर्नका लागि आवश्यक उपकरण, प्रविधि खरिद गरेको लागि अनुदानको व्यवस्था गर्दै वनजन्य उद्यवमहरुको विकास मार्फत रोजगारी र वन पैदावारको मुल्य अभिवृद्धिमा टेवा पुर्याउने यस कार्यक्रमको समग्र उद्देश्य रहेको छ। प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालय, लुम्विनी प्रदेशको आ.व. २०७९/८० को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत एक सामुदायिक वन एक उद्यमको लागि सामुदायिक वन उपभोक्ता समूहहरुलाई अनुदान सहयोग मार्फत संचालन हुने कार्यक्रममा पारदर्शिता अपनाई प्रभावकारी रुपमा कार्यान्वयन गरी अपेक्षीत उपलब्धी प्राप्त गर्नका लागि आवश्यक प्रक्रियागत सहजीकरणका लगि श्री डिभिजन वन कार्यालय, बर्दियाले यो कार्यसूची तयार पारेको छ।

**२. लक्ष्य तथा उद्देश्यः**

- वन क्षेत्रमा रहेका वा सृजना गर्न सकिने वन पैदावारहरुको आधुनिक प्रविधि तथा उपकरणहरुको प्रयोग गरी वनजन्य कच्चा पदार्थमा आधारित वन उद्यमको स्थापना, प्रवर्द्धन र विकास गर्ने।
- सामुदायिक वन उपभोक्ता समूहहरुमा काष्ठ तथा गैरकाष्ठ वन पैदावार सम्वन्धि उद्यम स्थापनाका लागि सहयोग पुर्याउने।
- वनजन्य पैदावारमा आधारित उद्यमहरुको विकास र प्रवर्द्धनबाट रोजगारी तथा आयआर्जनका अवसरहरु वृद्धि गर्ने।
- सामुदायिक वन तथा उपभोक्ता समूहको साझेदारीमा वन्यजन्य कच्चा पदार्थमा आधारित निर्यातमुलक वन आयात प्रतिस्थापन गर्ने उद्योग स्थापनाको लागि प्रोत्साहन र सहजीकरण गरी वन पैदावारको मुल्य अभिवृद्धि गर्ने।

**३. कार्यक्रम संचालन गरिने क्षेत्र तथा स्थानः**

उपरोक्त अनुसारको उद्देश्य परिपूर्तिका लागि वन्यजन्य उद्यम स्थापना र प्रवर्द्धन गर्नका लागि बर्दिया जिल्लालाई कार्यक्षेत्र बनाई काम गर्न ईच्छुक सामुदायिक वन उपभोक्ता समूहहरुले प्रस्ताव पेश गर्नुपर्ने छ।

**४. अनुदान रकमको क्षेत्र, सिमा र अनुपातः**

प्रस्तावना छनौट भएका सामुदायिक वन उपभोक्ता समूह मार्फत यो प्रस्तावनामा उल्लेखित वनजन्य उद्यम प्रवर्चनको लागि डि.व.का. मातहतका सव-डिभिजन वन कार्यालयको प्रत्यक्ष निगरानीमा क्रयाकलापहरु संचालन/सम्पन्न गर्नुपर्ने छ। प्रस्तावनाको मुल्यांकन गरी

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, बर्दिया
२०७५

डिभिजनल वन अधिकृत

कुल लागतको ७५ प्रतिशत सम्म अनुदान रकम उपलब्ध गराउन सकिने छ । साथै प्रस्ताव छनौट भई कार्य जिम्मेवारी पाएका कार्यान्वयनकर्ता समेतको सहभागितामा सम्पन्न क्रृयाकलापहरुको अनुगमन, निरिक्षण गरी सुझाव दिइने छ ।अनुगमनबाट प्राप्त सुझावलाई कार्यान्वयनकर्ताले अनिवार्य रुपमा पालना गर्नुपर्ने छ। तोकिएको अवधिभित्र तोकिएका कार्य तथा क्रृयाकलापहरु कार्यान्वयन एवं सम्पन्न गर्न नसकेमा फोकल टिमको निर्णय एवं प्रचलित ऐन नियमानुसार सम्झौता भङ्ग गरी नियमानुसार कार्वाही प्रक्रिया अगाडी बढाई उपलब्ध गराइएको पेश्की रकम तथा हर्जना एवं जरिवाना समेत सम्बन्धित कार्यान्वयनकर्ताबाट सरकारी बाँकी बक्यौता सरह असुल उपर गरिने छ ।

श्री वन तथा वातावरण मन्त्रालय, लुम्बिनी प्रदेशबाट आ.व. २०७९/०८० को लागि स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि कमोजिम निम्नानुसारको प्रक्रिया पूरा गरी उक्त अनुदान रकम उपलब्ध गराईनेछ।

- डिभिजन वन कार्यालय, बर्दियाले राष्ट्रिय दैनिक पत्रिकामा नियमानुसार सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नेछ।
- ईच्छुक सुमदायिक वन उपभोक्ता समूहहरुले व्यवसायिक योजना सहित प्रस्ताव पेश गर्नु पर्नेछ।
- प्राप्त प्रस्तावहरुको मुल्याकंन गरी उपयुक्त प्रस्ताव पेश गर्ने एक वा एक भन्दा बढी सामुदायिक वन उपभोक्ता समुहहरुलाई क्षमता र उपयुक्तताको आधारमा कुल लागतको ७५ प्रतिशतमा नबढ्ने गरी अननुदान रकम उपलब्ध गराउन सकिनेछ। यस प्रकारको सहयोगबाट प्रस्तावदाताले उद्यम संचालनका लागि आवश्यक पर्ने मेशिनरी औजार खरिद, मुल्य अभिवृद्धिमा सहयोग पुग्ने क्रृयाकलाप, कच्चा पदार्थको भण्डारण एवं व्यवस्थापन लगायतका कार्यमा खर्च गर्ने सक्नेछ।
- एक सामुदायिक वन, एक उद्यम विकास कार्यक्रमका क्षेत्रहरुमा प्रविधि सुधारका मेशिन, वेत वाँस, निगालो, जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको विकास, विस्तार प्याकेजिङ्ग लगायतका हुनेछन्।
- मुल्य अभिकृद्धि गर्न आवश्यक पर्ने संकलन, प्रशोधन र भण्डारण विधि लगायतका प्रवर्द्धनात्मक कार्यहरुमा सहयोग पुग्ने कार्यहरुमा सहयोग गर्न सकिनेछ।
- स्थानीय स्तरमा कच्चा पदार्थ उपलब्ध भई संचालन हुनसक्ने र भईरहेका लघु उद्यमहरुमा प्रविधि तथा उपकरणहरुमा सहयोग पुग्ने क्रृयाकलापहरुलाई प्राथामिकता दिईनेछ।

## ५. प्रस्तावकको छनौट विधिः

प्रस्तावको छनौट नेपाल सकारको सार्वजनिक खरिद ऐन, २०६३ तथा खरिद नियमावली, २०६४( संशोधन समेत) सो सँग सम्वन्धित कार्यान्वयन कार्यविधि साथै वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन कार्यविधि बमोजिम गुणस्तर र लागत अनुसार हुनेछ। प्रस्ताव छनौटको लागि डिभिजन वन कार्यालय, बर्दियाले तोके अनुसारको ३ (तीन) सदस्यीय एक पहिलो चरणको छनौट समिति हुनेछ । तोकिएको समितिले प्रस्तावको छनौट गरी असान्दर्भिक र रित नपुगेका प्रस्तावहरुलाई हटाई योग्यता पुगेका प्रस्तावहरुको मुल्याकंन गर्नेछ। प्रस्तावकको योग्यता निम्न अनुसार हुनु पर्नेछ।

- प्रस्तावक समूह सबै कानुनी रित पुगेका हुनु पर्नेछ।
- प्रस्तावकले प्रस्ताव पेश गर्दा सम्पादन गरिने क्रियाकलाप तथा त्यसको लागत अनुमान योजना कार्यान्वनय गरिने क्षेत्रगत हिसाबले छुट्टाछुट्टै उल्लख गर्नुपर्नेछ।

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, बर्दिया
२०७५

डिभिजनल वन अधिकृत

सामुदायिक वन उपभोक्ता समूह मार्फत एक वा एक भन्दा बढी प्रस्ताव पेश गरेमा छुट्टाछुट्टै क्षेत्रको लागि छुट्टाछुट्टै पेश गर्नुपर्नेछ। यसरी प्राप्त हुन आएका प्रस्तावहरु मध्ये प्राविधिक प्रस्तावलाई मुल्याकंन गरिसके पछि आर्थिक प्रस्तावको लागि मुल्याङ्कन गरिनेछ । दुबै मुल्याकंनबाट उत्कृष्ट ठहर भएको क्षेत्रगत प्रस्तावनाको छनौट गरी सम्झौताको लागि आमन्त्रण गरिने छ।

## ६. अनुदानका लागि छनौट गरिएका विषयगत क्षेत्र र कार्यक्रमहरुः

वन पैदावारमा आधारित उद्यम प्रवर्द्धन, स्थापना र विकासका लागि उपलब्ध गराईने अनुदान परम्परागत ज्ञान, सीपले जगेर्ना गर्ने वा नवीनतम प्रविधिको प्रयोगलाई जोड दिने दुबै हुन सक्नेछन्। यस प्रयोजनका लागि उपकरण वा उद्यम लागि सहयोगका क्षेत्रहरु देहाय अनुसारका हुन सक्नेछन्।अतः प्रस्तावकले निम्न मध्ये एक वा एकभन्दा बढी वियगत क्षेत्रमा मात्र प्रस्तावना पेश गर्नुपर्नेछ।

- काठको सिजनिङ्ग, ट्रिटमेन्ट प्लान्ट जडान, काठदाउरा वा भुसको गुणस्तर अभिवृद्धि गर्ने वनजन्य उद्यम संचालन।
- पार्टिकल वोर्ड, फाईवर वोर्ढ, चिप वोर्ड, प्लाई उड,भेनियर आदि जस्ता उद्योग स्थापना र संचालन।
- फर्निचर र काष्ठ प्रविधिका सुधारका कार्याक्रम संचालन।
- वेत बाँस तथा निगालो जन्य उद्यम
- काष्ठजन्य हस्तकला उद्यम।
- जडीवुटी तथा गैरकाष्ठ वन पैदावारमा आधारित प्राथामिक तथा द्वितिय चरणका प्रशोधनका उद्योग स्थापना।
- वनजन्य पैदावारको अन्तराष्ट्रिय बजार केन्द्रित प्रजातीहरुको प्रवर्द्धन, उत्पादन, संकलन लगायत बजारीकरणको खाका सहितको योजना।
- पिलेट, बायोचार, ब्रिकेट आदि उद्यम।
- बहुउद्देश्यीय कृषिवन कार्यक्रम संचालन र व्यवस्थापन।
- जडीवुटी तथा गैरकाष्ठ वन पैदावारको विकास, विस्तार, प्रशोधन, प्याकेजिङ्ग र बजारीकरण।
- समूहले व्यक्तिहरुको निजी जग्गालाई चक्लाबन्दी गरी लामो अवधिका लागि लिजमा लिई जडीवुटी तथा गैरकाष्ठ वन पैदावार रोपण र बजारिकरणको योजना अनुरुप कार्य गर्ने प्रस्तावना।
- नमुना जुडीवुटी तथा काष्ठजन्य नर्सरीको स्थापना र संचलान गरी ५० हजार गोटासम्म तेजपात, सागवान, मसला,अमला, हर्रो र वर्रो लगायतका काष्ठ प्रजातीका गुणस्तरीय विरुवा उत्पादन ।
- आयआर्जन गर्न सामुदायिक वन र सार्वजनिक जग्गामा जडीवुटी तथा गैरकाष्ठ वन पैदावार वृक्षारोपण,व्यवस्थापन र बजारिकरणको योजना।
- जडीवुटी तथा गैरकाष्ठ वन पैदावारको प्रशोधन गरी मुल्य अभिवृद्धि गर्ने क्रियाकलापहरु
- जडीवुटी तथा गैरकाष्ठ वन पैदावारमा आधारित उपहारजन्य सामाग्री निर्माण र बजारीकरण।
- जडीवुटी जन्य चिया र मसला उद्योग स्थापना र संचालन आदि।

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, बर्दिया
२०७५

डिभिजनल वन अधिकृत

**७. प्रस्ताव छनौटका आधारहरुः**

➢ रितपूर्बक प्राप्त हुन आएका प्रस्तावनाहरुको अन्तिम छनौट गर्दा निम्न आधारमा हुनेछ ।

क) प्रस्तावको भार अङ्क

| सि.न. | प्रस्ताव | भार अङ्क | कैफियत |
|---|---|---|---|
| १ | प्राविधिक प्रस्ताव | ८० % | |
| २ | आर्थिक प्रस्ताव | २० % | |

नोटः- प्रस्तावकले प्रस्तावना तयार गर्दा प्राविधिक र आर्थिक प्रस्ताव अलग-अलग रुपमा नभरी यसैसाथ नमुनाको लागि अनुसूची-१ मा राखिएको फाराममा नै यी प्रस्तावनाहरु उल्लेख हुने हुँदा उक्त फाराममा उल्लेखित विषयवस्तु बाहहेक अन्य थप प्रस्तावना बनाउनु पर्ने छैन ।

ख) प्राविधिक प्रस्ताव छनौटका अन्य आधारहरु अंकभारः

| सि.न. | आधारहरु | भार अङ्क |
|---|---|---|
| १ | उद्यम स्थापनाबाट लाभान्वित हुने जनसंख्या/समूह/उपभोक्ता | १० |
| २ | मुल्य श्रृङ्खलामा निर्यातजन्य वा आयात प्रतिस्थापन गर्ने संभावना | १० |
| ३ | उद्यमको परिवेश अनुसार नेपाल सरकार/ प्रदेश सरकारलाई प्राप्त हुने राजश्वको संभावना | १० |
| ४ | उद्यमको आकार अनुसार रोजगारको अवस्था | १० |
| ५ | प्राविधिमा सुधार वा आधुनिक प्रविधिको प्रयोग | १० |
| ६ | स्थानीय श्रोत र सामाग्रीको प्रयोग र छिटो प्रतिफल दिने | १० |
| ७ | लगानीको तुलनामा अपेक्षित प्रतिफलको अवस्था | १० |
| ८ | वातावरणीय दृष्ट्रिकोणले अनुकुल | १० |
| ९ | स्थानीय परिवेश अनुसार नवीनतम कार्य | १० |
| १० | स्थानीय हावापानी, माटो र अन्य दृष्टिकोणले सम्भाव्य | १० |
| | | १०० |

यसमा उल्लेखित अंकभारलाई नै आधार मानी मुल्यांकन समितिले अंक प्रदान गर्नेछ ।

**८. प्रस्तावको मुल्यांकनः**

सूचनामा तोकिएको समयसिमा भित्र रहि डिभिजन वन कार्यालयमा प्राप्त भएका प्रस्तावहरुको उपरोक्त अनुसार ६ (ख) मा उल्लेखित मामपदण्ड र अंकभारको आधारमा मुल्याकंन गरी प्रतिवेदन पशे गर्नको लागि गठीत कार्यदलले डिभिजनल वन अधिकृत समक्ष प्रतिवेदन पेश गर्नेछ ।

- योजना शाखा प्रमूख, डिभिजन वन कार्यालयः संयोजक
- प्रमुख, आर्थिक प्रशासन शाखाः सदस्य
- डिभिजनल वन अधिकृतले तोकेको एकजना विज्ञः सदस्य

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, बर्दिया

डिभिजनल वन अधिकृत

- उपरोक्त अनुसार मुल्यांकन कार्दलले आवश्य अनुसार फिल्ड भेरीफकेशन समेत गर्न सक्नेछ। समूह संघसस्थाको योगदानको हकमा योगदान वापतको अंक समेत प्रस्तावनामा उल्लेख गर्नुपर्नेछ। मुल्याकंन समितिबाट निर्णय भएपछि अनुदानको लागि छनौट भएका प्रस्तावनाहरुकोनामावली, अनुदान रकम र सम्झौता गर्न आउने मिति समेत उल्लेख गरी कार्यालयको सूचना पाटी र वेभसाइट मार्फत सार्वजनिक गरिने छ।

**९. पेश गर्नुपर्ने अन्य कागजातहरुः**

**(क) प्रस्तावक (सामुदायिक वन उपभोक्ता समूह) को हकमाः**

- समूह दर्ता प्रमाण पत्र (नवीकरण गर्नु पर्ने भए सो समेत भएको)
- सम्वन्धित क्षेत्रमा काम गरेको अनुभवको प्रमाण पत्र।
- लेखा परिक्षण प्रतिवेदन, वार्षिक प्रगती प्रतिवेदन।
- कर चुक्ता भएको प्रमाण(कर लाग्ने संस्थाको हकमा)।
- स्थायी लेखा नंम्वर दर्ता प्रमाणपत्रको प्रतिलिपी।
- आफुसँग यससाग सम्वन्धित कोही विशेषज्ञ भए निजको वायोडाटा, सिभी (Bio-Data/CVS) सम्वन्धित विज्ञबाट काम गर्न प्रतिवद्वता जनाई हस्ताक्षर भएको र सम्वन्धित व्यक्तिको शैक्षिक योग्यताको प्रमाण पत्र।
- अन्य सान्दर्भिक दस्तावेजहरु।

१०. समय सिमाः

एक सामुदायिक वन एक उद्यम सहयोगका क्रियाकलापहरु सम्झौता भएको मितिले २०८० वैशाख मसान्त भित्र सम्पन्न गरिने क्रियाकलापको योजना निम्न अनअसार हुनेछ।

एक सुमदायिक वन एक उद्यम कार्यक्रम कार्यान्वयन समय तालिका

| सि.न. | कार्य विवरण | महिना/हप्ता | | | | | | | | | | | | | | | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | माघ | | | | फाल्गुन | | | | चैत्र | | | | वैशाख | | | | |
| | | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | |
| १ | प्रस्ताव छनौट | | | | | | | | | | | | | | | | | |
| २ | प्रस्तावकसँग सम्झौता तथा प्रस्तावना कार्यान्वयन | | | | | | | | | | | | | | | | | |
| ३ | वनजन्य उद्यम प्रवर्द्वन सम्वन्धि व्यवसायिक योजना तथा ल.ई. अनुसारका सम्पूर्ण कार्य सम्पन्न | | | | | | | | | | | | | | | | | |
| ४ | अनुगमन तथा प्रतिवेदन (चौमासिक) | | | | | | | | | | | | | | | | | |

नोटः कुनै कारण वस विशेष परिस्थितिको सृजना भएको अवस्थामा कार्य तालिकामा हेरफेर हुन सक्नेछ।

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, बर्दिया
२०७५

डिभिजनल वन अधिकृत

११. प्रस्तावकको योग्यताः

प्रस्तावक सामुदायिक वन उपभोक्ता समूह कानुनी रुपमा योग्य हुनुपर्नेछ। प्रस्तावक इच्छुक सामुदायिक वन उपभोक्ता समूहले आफ्नो आफ्नो समूहको लक्ष्य,उद्देश्य, जनशक्ति,आर्थिक अवस्था, कार्यक्रम, उपलब्धि आदीको विवरण पेश गर्नपर्ने छ।

१२. प्रस्तावकको अनुभवः

प्रस्तावक इच्छुक सामुदायिक वन उपभोक्ता समूह उल्लेखित कार्य सम्पादन गर्न पर्याप्त अनुभव भएको हुनु पर्ने छ। प्रस्तावकले विगतमा समान प्रकृतिका कार्य सम्पादन गरेका कार्यहरुको विवरण (सप्रमाण) निम्न अनुसार ढाँचामा पेश गर्नु पर्नेछ।

| सि.न. | सम्पादन गरेको योजनाको नाम, प्रस्ताव आव्हान गर्ने संस्था | योजना संचालन भएको स्थान | गरिएका मुख्य मुख्य कार्यहरु | योजनाको कुल लागत | कार्य सुरु गरेको मिति | कार्य सम्पन्न गरेको मिति | योजनामा संलग्न संस्था तथा व्यक्तिहरु |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

१३. कार्यसम्पन्न प्रतिवेदनमा समावेश गर्नुपर्ने विषयहरुः

प्रस्तावकले कार्य सम्पादन गरि सकेपछि २०८० वैशाख मसान्त गते भित्र कार्य सम्पन्न प्रतिवेदन डिभिजन वन कार्यालय, बर्दियामा पेश तथा प्रस्तुत गर्नुपर्नेछ।प्रतिवेदनमा निम्न बुँदाहरु अनिवार्य रुपमा समावेश गरिएको हुनु पर्ने छ।

- कार्य सम्पन्न विवरण।
- कार्य सम्पन्न प्रगति परिमाण तथा खर्च विवरण।
- अनुदान तथा प्रस्तावदाताले गरेको खर्च लगानीको अलग-अलग स्पष्ट मुल्यांकन विवरण।
- कार्यको उपलब्धि तथा रवजगारका अवसर तथा अवस्था।
- कार्य सम्पादनमा समस्या, चुनौती, अवसर र सिकाईहरु।
- कार्य सम्पन्न क्षेत्रको तस्विर।

१४. भुक्तानी प्रक्रियाहरुः

प्रस्तावकलाई भुक्तानीमो प्रक्रिया निम्न अनुसार हुनेछ।

- सम्झौता पश्चात पहिलो किस्तामा पेश्की स्वरुप ३३ प्रतिशत रकम।

- कार्यक्रम सम्पादन पश्चात प्रस्तावकको तर्फबाट कार्य सम्पन्न प्रतिवेदन प्राप्त भए पछि र अनुगमन टोलीबाट कार्य क्षेत्रको अनुगमन निरिक्षण कार्य सम्पन्न पश्चात अनुदानको बाँकी रकम भुक्तानी हुने छ।

**१५. प्रस्तावकले कार्य सम्पादन चरणमा पालना गर्नुपर्ने विषयहरुः**

- प्रस्तावकले सम्झौता अनुसारको पूर्ण कार्य गर्नुपर्नेछ। आशिंक कार्य वा अधुरो कार्यको भुक्तानीहुने छैन।
- प्रचलित द्वन, नियम, कार्यविधिको पूर्णरुपमा गर्नुपर्नेछ।
- स्थानीय रोजगारीलाई प्राथमिकता दिनुपर्नेछ।
- प्रस्तावकले सम्झौता गरि सकेपछि सम्वन्धित सव-डिभिजन वन कार्यालय तथा डिभिजन वन कार्यालयसँगको नियमित समन्वय, प्रविधिक सहयोग र सुझावमा कार्य गर्नुपर्नेछ।
- कार्य संचालनको क्रममा स्थानिय व्यक्ति, उपभोक्ता तथा वैदेशिक रोजगारबाट फर्केका युवाहरुलाई नै रोजागरको अवसर दिइनु पर्नेछ।
- कार्यक्रम संचालनमा आवश्यक पर्ने औजार तथा सामाग्रीहरु प्रस्तावकले आफै व्यवस्था गर्नुपर्नेछ।
- कार्य संचालन/सम्पन्नमा कुनै समस्या उत्पन्न भएमा आपसि छलफल तथा सम्झदारीमा समस्याको सामधान गरिने छ।

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, बर्दिया
२०७५

डिभिजनल वन अधिकृत

## अनुसूची-१
## प्रस्तावको नमुना

१. प्रस्तावक तथा उद्यमको नाम

(क) प्रस्ताव पेश गर्ने सामुदायकि वन उपभोक्ता समूहको नामः

(ख) समूह अन्तर्गत संचालन गर्ने वन पैदावार सम्वन्धि उद्यमको नामः

(ग) कार्यक्रम संचालन गरिने क्षेत्र र स्थानः

२. संस्था बारे संक्षिप्त जानकारी

(क) संस्थाका उद्देश्यहरु (बढीमा ४ वटा)

(ख) जनशक्तिको अवस्था (प्रस्ताव अनुसार सिप र दक्षताको आधार स्पष्ट पार्ने)

(ग) अनुभव तथा उपलब्धीहरु (बढीमा आधा पेज)

३. प्रविधिक प्रस्तावः

(क) उद्यम विकास तथा प्रवर्द्धनका उद्देश्यहरुः

(ख) प्रस्तावित योजनाको विस्तृत विवरण (Business Plan) सहित (के काम गर्ने हो) कच्चा पदार्थको श्रोत के हो ? औजार उपकरणकसरी व्यवस्थापन गर्ने हो ? स्थानिय स्तरमा कामदार छन् छैनन्? मासिक/ दैनिक कति उत्पादन हुन्छ ? उत्पादन प्रकृया के हो? आदि खुलाउने।

(ग) प्रस्तावित योजनाको तरिका प्रद्वति

(घ) दिगोपनाका सुनिश्चितताका आधारहरु (उद्यम कसरी चलाउने हो ? व्यक्ति/समिति साझेदारी आदी खुलाउने)

(ङ) कार्यक्रम संचालनको समय तालिका

तपशिल

४. लाभ लागत सम्वन्धि विवरण

(क) अनुमानित कुल लागत (जग्गा बाहेक)

छनौट भएका प्राप्त प्रस्ताव एवं व्यवसायिक योजनाहरुलाई कन्टीजेन्सी रकम (४ प्रतिशत) छुट्याई तोकिए बमोजिमको कार्य गर्नका लागि विधागिय नर्मस् तथा जिल्ला दररेटको अधिनमा रहि लागत अनुमान तयार पार्नुपर्ने छ। सोही अनुसार प्रस्तावकले एक सामुदायिक वन एक उद्यम प्रवर्द्धनको लागि निम्न बमोजिम तोकिएको फर्मेट अनुसारको लागत अनुमान सहित प्रस्तावना पशे गर्नुपर्नेछ।

निम्न

| सि.न. | कार्य विवरण | इकाई | परिमाण | दिन/ज्यामी संख्या | दर | जम्मा | | कैफियत (नमर्स नं) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | अनुदानबाट | प्रस्तावकले व्यहोर्ने | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

(ख) लगानीका श्रोत (कुल लागत कहाँ-कहाँबाट जुटाउने हो, उल्लेख गर्ने)

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, बर्दिया
२०७५

डिभिजनल वन अधिकृत

(ग) लागत अनुमान (कुन-कुन कामको लागि कति लागत हो, विस्तृतमा खुलाउने)

(घ) लाभको अनुमान (विस्तृतमा) कति सममय पछि दैनिक वा मासिक कति उत्पादन हुने हो, यसको बिक्री कति हुने हो, नियमित आम्दानी कति हुने हो ?खुलाउने ।

(ङ) लाभ र लागतको अनुमान र पारविन्दुः

(च) सम्पन्न हुने समयः

५. रोजगार र आय सम्वन्धि विवरणः

(क) एलम संचालन हुँदा लाभान्वित हुने घरधुरी र जनसंख्या

(ख) उद्यम संचलान हुँदा दैनिक रुपमा स्थायी रोजगारी हुने संख्या

(ग) उद्यम संचालन हुँदा वार्षिक रुपमा अस्थायी प्रकृतिको रोजगारी (श्रमदिन)

(घ) उद्यम संचालन हुँदा घरधुरिको प्रतिवर्ष औषत आयमा वृद्दि हुने रकम ( कति समय, दिन, महिना वा वर्षपछि)

६. उपकरण खरिदको लागि सो को हालको बजार मुल्य, निर्माता कम्पनीको नाम र अन्य आवश्यक जानकारीहरुः

७. उद्यम संचलानको लागि नेपाल सरकार/ प्रदेश सरकारका प्रचलित ऐन, नियमले पार्न सक्ने कुनै समस्या भएमा त्यसको समाधानकफ उपाय समेत उल्लेख गर्ने ।

८. निवेदक समूह/ सामुदायिक/ सहकारि संघसंस्थाको तर्फबाट (बढीमा ५ जना)

| सि.न. | नाम, थर | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

संस्थाको छापः

ईमेल नं.-

९. संलग्न कागजातहरुः

- रु १० को टिकट टाँसी संस्थाको लेटरप्याडमा संलग्न पञ्जिका र पाना उल्लेख भएको आवेदन पत्र ।
- नियमन गर्ने निकायको सिफारिस ( स्थानीय तह तथा सव-डिभिजन वन कार्यालयको सिफारिस)
- यस फारममा उल्लेख गरिएका लागत ईष्टिमेट, लाभ विश्लेषण लगायतका विषयमा विस्तृत रुपमा आँकलन गरिएको भए सो सम्वन्धि कागजात ।
- संस्था दर्ता सम्वन्धि कागजात
- PAN,VAT दर्ता प्रमाण पत्र
- संस्थाको म्याद रहेको बुझिने (नविकरण भएको प्रमाण पत्र ।